# बैठक नं. ७१

आज मिति २०७७ बैशाख ०३ गते बुधबार बेलुकी ०५:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २४ | आमन्त्रित, सचिवालय- | श्री संजिता लामा | |

निर्णय १

कोरोना भाइरस (कोभिड-१९) रोगलाई फैलिन नदिई रोकथाम र नियन्त्रण गर्नका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधि २०७७/०१/१५ गतेसम्मका लागि थप गरेको र लकडाउनको अवधि अझै लम्बिन सक्ने भएकाले राहत वितरण कार्यलाई नियमित र व्यवस्थित गर्नका लागि तपशिल बमोजिम गर्ने गराउने निर्णय गरियो ।

तपशिल

क. पहिलो चरण (२०७६/१२/२७ गतेदेखि) मा वितरण भएको राहतको सुक्ष्म अनुगमन गर्ने ।
ख. दोस्रो चरणको राहत पहिलो चरणको राहत वितरणमा छुट भएकाहरुका लागि मात्र गर्ने ।
ग. पहिलो चरणमा छुट भएका व्यक्तिहरुको लगत यथाशीघ्र सबै वडाबाट संकलन गरी उक्त लगतलाई वडा समिति र वडास्तरीय सर्वपक्षिय बैठकमा छलफल गराई अन्तिम रुप दिई २०७६/०१/०८ गते भित्रमा नगरपालिकामा पठाउने ।
घ. पहिलो चरणको राहत वितरणको वडागत रुपमा नाम नाम नामेसी सहितको प्रगति विवरण सबै वडाहरुले हार्डकपी तथा विद्युतीय कपी २०७७/०१/०५ गते शुक्रबार भित्र नगरपालिकामा पठाउने ।
ङ. राहत वितरणका लागि तथ्याङ्क संकलन र राहत वितरणको कार्यलाई सबै वडाहरुमा एकरुपता आउने गरी गर्ने गराउने ।

निर्णय नं.२

दोस्रो चरणको राहत वितरण तपशिल बमोजिमको मापदण्ड अनुसार गर्ने गराउने निर्णय गरियो ।

क. चामलको हकमा प्रति व्यक्ति ३ केजीका दरले उपलब्ध गराउने,
ख. दालको हकमा १ देखि ३ जनासम्मको परिवारलाई आधा के.जी र चार जना वा सो भन्दा बढीको परिवारका लागि एक के.जी का दरले उपलब्ध गराउने,
ग. तेलको हकमा १ देखि ३ जनासम्मको परिवारलाई आधा लिटर र चार जना वा सो भन्दा बढीको परिवारका लागि एक लिटरका दरले उपलब्ध गराउने
घ. पहिलो चरणमा उपलब्ध गराएको नून, चिनी र साबुन दोस्रो चरण देखि उपलब्ध नगराउने ।